# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४६) काठमाडौं, भदौ १७ गते २०५३ साल (संख्या २१

## भाग ३

श्री ५ को सरकार

### कृषि मन्त्रालयको

### सूचना

नेपाल कृषि सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति)

(दोस्रो संशोधन) नियमहरू, २०५२

नेपाल कृषि सेवा, (गठन समूह तथा श्रेणी विभाजन र नियुक्ति नियमहरू, २०५० लाई संशोधन गर्न वान्छनीय भएकोले,

निजामती सेवा ऐन, २०४९ को दफा ७५ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यी नियमहरूको नाम "नेपाल कृषि सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) (दोस्रो संशोधन) नियमहरू २०५२" रहेको छ।
(२) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. नेपाल कृषि सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू २०५० को नियम ९ मा संशोधनः नेपाल कृषि सेवा (गठन, समूह तथा श्रेणी विभाजन र नियुक्ति) नियमहरू, २०५० को नियम ९ को पहिलो हरफमा रहेको "कार्यक्षमताको मूल्यांकनद्वारा" भन्ने शब्दहरू झिकिएका छन् ।

आज्ञाले,

दानबहादुर शाही

श्री ५ को सरकारको सचिव



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

श्री ५ को सरकार

## आवास तथा भौतिक योजना मन्त्रालयको सूचना

नगर विकास ऐन, २०४५ को दफा ४ को उपदफा ४.१ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले खण्ड ४४, संख्या ५०, मिति २०५१।१२।२० मा नेपाल राजपत्र भाग ३ मा प्रकाशित सूचना ४ अनुसार गठन भएको मान्माखाडाचक्र नगर विकास समितिको सिमानामा देहाय बमोजिम हेरफेर गरेकोले यो सूचना प्रकाशन गरिएको छ ।

पूर्वः– लुबारेकोट, जंगल, पहडेंनी,

पश्चिमः– जसु शाहीको थलो, भिडेलो ढिका,

उत्तरः– जंगल, पानीकुवा (नाव) हुँदै खोल्सो र पखेरो,

दक्षिणः– लास्पाटाको खोल्सो, आवाद जग्गा हुँदै हरि शाहीको जग्गाको डिक, बशी खाने काफल, अनिपाल शाहीको गोठ माथि हुँदै, चन्देकामीको जग्गा हुँदै, शेरबहादुर शाहीको जग्गा हुँदै चौरको आवाद जग्गाको सिमाना पाण मुजेली ।

आज्ञाले,
डि. वि. भट्टराई
श्री ५ को सरकारको सचिव

३२६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार